# नेपाल राष्ट्र बैंक

# पाँचौ पारिवारिक बजेट सर्वेक्षण र नयां Series अनुसारको उपभोक्ता मूल्य सूचकाङ्क निर्माण सम्बन्धी

# प्रेश बिज्ञप्ती

**पाँचौ पारिवारिक बजेट सर्वेक्षण, २०७०**

१. नेपाल राष्ट्र बैंकले आफ्नो स्थापनाको लगत्तै वि.सं. २०१४ सालदेखि काठमाण्डौ उपत्यकाको अभारित मूल्य सूचकाङ्क निर्माण गरी नियमित रुपमा प्रकाशन गर्ने कार्यको शुरुवात गरेको थियो । मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्ने क्रममा बि.सं. २०१९ सालमा तराई र बि.सं. २०२० सालमा पहाडी क्षेत्रको अभारित मूल्य सूचकाङ्क निर्माण एवं प्रकाशन कार्यको शुरुवात भएको थियो । आर्थिक बर्ष २०२९/३० मा नेपाल राष्ट्र बैंकले पहिलो पारिवारिक बजेट सर्वेक्षण सम्पन्न गरी वस्तु तथा सेवाको डालो र भार निर्धारण सहित भारित उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन कार्यको शुरुवात गरेको थियो ।

२. उपभोक्ताको खर्च गर्ने प्रवृत्तिमा हुने परिवर्तनलाई समावेश गर्न नेपाल राष्ट्र बैंकले प्रत्येक १०/१० बर्षमा पारिवारिक बजेट सर्वेक्षण गरी उपभोक्ताको आम्दानी र खर्चको यथार्थ संरचना (Income and Expenditure Pattern) का आधारमा भाराङ्क परिवर्तन गर्दै आएको छ । बैंकले पारिवारिक बजेट सर्वेक्षण गर्ने क्रममा आर्थिक बर्ष २०४२/४३ मा दोस्रो, आर्थिक बर्ष २०५२/५३ मा तेस्रो र आर्थिक बर्ष २०६२/६३ मा चौथो पारिवारिक बजेट सर्बेक्षण सम्पन्न गरेको थियो । पछिल्लो पटक बैंकले आर्थिक बर्ष २०७०/७१ मा पाँचौ पारिवारिक बजेट सर्बेक्षण सम्पन्न गरी चालु आर्थिक बर्ष २०७२/७३ देखि नयाँ Series अनुसार उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन गर्ने कार्यको तयारी गरेको छ ।

३. नेपाल राष्ट्र बैंकले पाँचौ पारिवारिक बजेट सर्वेक्षण संचालन गर्दा एकल उद्देश्य “नेपाल राष्ट्र बैंकबाट प्रकाशित गरिदै आएको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्कलाई अद्यावधिक गर्नको निमित्त नेपाली घरपरिवारले उपभोग गर्ने वस्तु र सेवाहरुको विवरण संकलन गरी सो का आधारमा परिमार्जित भार सहितको वस्तु र सेवाहरुको डालो (Commodity Basket) तयार गर्ने ” तय गरेको थियो । सोही अनुरुप Sample Design र Survey Methodology तयार गर्न त्रिभुवन विश्वविद्यालय, तथ्याङ्क केन्द्रीय विभाग, कीर्तिपुरबाट प्राविधिक सेवा लिईएको थियो । उक्त सर्वेक्षणको फिल्डस्तरको सर्वेक्षणका लागि मुलुकका ५५ जिल्लाका कुल ८४ बजारकेन्द्रबाट ८०२८ घरपरिवारहरुलाई समावेश गरी ३६५ दिन नै डायरी विधिमा आधारित रही तथ्याङ्क संकलन गरिएको थियो र सर्वेक्षणको प्रशासनिक कार्य संचालन गर्नका लागि बैंकको अनुसन्धान विभाग अन्तरगत रहने गरी पाँचौ पारिवारिक बजेट सर्वेक्षण आयोजना स्थापना गरिएको थियो ।

४. पाँचौ पारिवारिक बजेट सर्वेक्षणको तथ्याङ्क संकलन गर्दा प्राप्ती विधि (Acquisition Approach) अन्तरगत रही संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्दा घरपरिवारले खरिद गरेको वाहेक आफ्नै उत्पादन, बस्तु र सेवा साटासाट र उपहार स्वरुप प्राप्त गरेको उपभोग्य बस्तु र सेवालाई पनि समावेश गरिएको थियो ।

५. पाँचौ पारिवारिक बजेट सर्वेक्षणबाट संकलित तथ्याङ्क अनुसार नेपाली घरपरिवारको औसत मासिक खर्च रु.२५,९२८।- रहेको छ । जसमध्ये उपभोग खर्च रु.२३,८८३।- र गैर-उपभोग खर्च रु.२,०४५।- रहेको छ । त्यस्तै घरपरिवारको मासिक आम्दानी रु. ३०,१२१।- रहेको छ ।

६. पाँचौ पारिवारिक बजेट सर्वेक्षणबाट संकलित तथ्याङ्क अनुसार नेपाली घरपरिवारको खर्चको विस्तृत विवरण देहाय बमोजिम रहेको छ ।

## घरपरिवारको औसत मासिक खर्चको विवरण (रु. मा)

| विवरण | रकम (रु.मा) | | | खर्चको हिस्सा (% मा) | | |
|---|---|---|---|---|---|---|
| | ग्रामीण | शहरी | राष्ट्रिय | ग्रामीण | शहरी | राष्ट्रिय |
| **कूल खर्च** | २२,९२८ | २८,४७४ | २५,९२८ | १००.०० | १००.०० | १००.०० |
| **उपभोग खर्च** | **२०,९०४** | **२६,४११** | **२३,८८३** | **९१.१७** | **९२.७५** | **९२.११** |
| खाद्य तथा अल्कोहलरहित पेय पदार्थ | ९,१०२ | ९,७०० | ९,४२५ | ३९.७० | ३४.०७ | ३६.३५ |
| अल्कोहलिक पेय पदार्थ, चुरोट तथा सुर्तिजन्य पदार्थ | २९९ | २२० | २५६ | १.३० | ०.७७ | ०.९९ |
| कपडा, तयारी लुगा र जुत्ता | १,६१२ | १,७७३ | १,६९९ | ७.०३ | ६.२३ | ६.५५ |
| घरभाडा, पानी, बिजुली, ग्यांस र अन्य इन्धन | ३,४१५ | ५,९६८ | ४,७९६ | १४.८९ | २०.९६ | १८.५० |
| फर्निचर तथा फर्निसिङ, घरायसी उपकरण र मर्मत | ८७२ | १,१३७ | १,०१५ | ३.८० | ३.९९ | ३.९२ |
| स्वास्थ्य | ७२८ | ८९६ | ८१९ | ३.१७ | ३.१५ | ३.१६ |
| यातायात | ९५६ | १,५२० | १,२६१ | ४.१७ | ५.३४ | ४.८६ |
| सञ्चार | ६१८ | ७०५ | ६६५ | २.७० | २.४८ | २.५७ |
| मनोरञ्जन तथा संस्कृति | ४९० | ६५८ | ५८१ | २.१४ | २.३१ | २.२४ |
| शिक्षा | १,३३४ | २,१०४ | १,७५० | ५.८२ | ७.३९ | ६.७५ |
| रेष्टूरां तथा होटल सम्बन्धी खर्च | ५९५ | ७७० | ६९० | २.६० | २.७० | २.६६ |
| विविध वस्तु तथा सेवाहरु | ८८३ | ९६१ | ९२५ | ३.८५ | ३.३७ | ३.५७ |
| **गैर-उपभोग खर्च** | **२,०२४** | **२,०६३** | **२,०४५** | **८.८३** | **७.२५** | **७.८९** |
| सामाजिक तथा अन्य कार्यमा भएको खर्च | २,०२४ | २,०६३ | २,०४५ | ८.८३ | ७.२५ | ७.८९ |

## नयां Series अनुसारको उपभोक्ता मूल्य सूचकाङ्क :

१. यस बैंकले आर्थिक वर्ष २०७०/७१ मा गरिएको पाँचौ पारिवारिक बजेट सर्वेक्षणको आधारमा चालु आ.व. २०७२/७३ को साउन महिनादेखि नयाँ Series अनुसारको उपभोक्ता मूल्य सूचकाङ्क तयार गरी प्रकाशन गर्नको लागि बैंकले सर्वेक्षणका लागि छानिएका ८४ बजारकेन्द्रहरुबाट नै गत आर्थिक बर्ष २०७१/७२ देखि आधार बर्षको मूल्य संकलन गरेको थियो र सोही अनुसार २०७२ साउन देखि नयाँ Series अनुसार उपभोक्ता मूल्य सूचकाङ्क प्रकाशन गर्ने कार्यको तयारी गरिएको छ ।

२. आर्थिक वर्ष २०६२/६३ मा गरिएको चौथो पारिवारिक बजेट सर्वेक्षणबाट प्राप्त वस्तु वा सेवामा रहेको खर्च भाराङ्क खाद्य तथा पेय पदार्थमा ४६.८२ प्रतिशत र गैरखाद्य तथा सेवा समूहमा ५३.१८ प्रतिशत रहेकोमा पाँचौ पारिवारिक बजेट सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार खाद्य तथा पेय पदार्थमा ४३.९१ प्रतिशत र गैरखाद्य तथा सेवा समूहमा ५६.०९ प्रतिशत भाराङ्क कायम भएको छ ।

३. नयाँ सूचकाङ्क अनुसार डालोका वस्तु तथा सेवाहरुको उपसमूह निर्माण गर्दा विगतमा जस्तै COICOP (Classification of Individual Consumption According to Purpose) विधि अनुसार नै बर्गीकरण गरिएको छ । चौथो पारिवारिक बजेट सर्वेक्षणको नतिजाका आधारमा तयार गरिएको पुरानो Series मा मुलुकभरका ३३ बजारकेन्द्रहरुबाट कूल ४१० बस्तु तथा सेवाहरुको मूल्य संकलन गर्ने गरिएकोमा नयाँ सूचकाङ्कका निर्माण गर्दा २७ बजारकेन्द्र थप गरी जम्मा ६० बजारकेन्द्रहरुबाट कुल ४९६ वस्तु तथा सेवाको मूल्य संकलन गर्ने व्यवस्था गरिएको छ । नयां मूल्य सूचकांक निर्माण प्रकृयामा खाद्य तथा पेय पदार्थ समूहमा १९२ बस्तुहरु तथा गैर खाद्य तथा सेवा समूहमा ३०४ बस्तु र सेवाहरुको मूल्य संकलन गर्ने व्यवस्था गरिएको छ । सूचकांक निर्माण प्रकृयामा समावेश गरिएका कूल ४९६ बस्तु तथा सेवाहरुमध्ये ४०२ बस्तुहरु र ९४ सेवाहरु समावेश गरिएका छन् ।

४. सूचकाङ्कको निर्माण प्रणालीमा मूल्य संकलनको कार्य वाह्य स्रोत परिचालन अन्तर्गत सम्वन्धित बजारकेन्द्रका सामुदायिक विद्यालयका शिक्षकहरुबाट गर्ने व्यवस्था गरिएको छ । यसरी

संकलित मूल्य प्रशोधनका लागि इन्टरनेटमा आधारित सफ्टवेयरको निर्माण गरिएको छ । जसको माध्यमबाट संकलित मूल्य कम्प्युटरमा प्रविष्टि गर्नासाथ स्वचालित रुपमा सिधै बैंकको सूचना प्रविधि विभागमा रहेको Server मार्फत संचय भई आवश्यकता अनुसारका प्रतिवेदनहरु स्वतः तयार हुने व्यवस्था गरिएको छ । यसप्रकार नयाँ सूचकाङ्क निर्माण कार्यमा गरिएको उपरोक्त बमोजिमको नीतिगत तथा प्रकृयागत परिवर्तनका कारण उपभोक्ता मूल्य सूचकाङ्कको कार्य बढी सरल तथा भरपर्दो भएको बिश्वास बैंकले लिएको छ ।

५. नयाँ Series अनुसारको उपभोक्ता मूल्य सूचकाङ्कको समूहगत भार देहाय बमोजिम रहेको छ ।

**उपभोक्ता मूल्य सूचकांक निर्माणका लागि समुहगत भार**

| खर्च समुह | वर्तमान CPI* | नयां CPI** |
|---|---|---|
| **खाद्य तथा पेय पदार्थ** | **४६.८२** | **४३.९१** |
| खाद्य तथा खाद्यजन्य पदार्थ | १४.८१ | ११.३३ |
| दालजन्य पदार्थ | २.०१ | १.८४ |
| तरकारी | ५.६५ | ५.५२ |
| माछा तथा मासु | ५.७० | ६.७५ |
| दुग्धजन्य पदार्थ तथा अण्डा | ५.०१ | ५.२४ |
| घ्यू तथा तेल | २.७० | २.९५ |
| फलफुल | २.२३ | २.०३ |
| चिनी तथा मिठाई | १.३६ | १.७४ |
| मसला | १.४६ | १.२६ |
| अल्कोहलरहित हल्का पेय पदाथ | ०.९६ | १.२४ |
| मदिराजन्य पेय पदार्थ | १.७२ | ०.६८ |
| सुर्तिजन्य पदार्थ | ०.८५ | ०.४१ |
| रेष्टूरां तथा होटल | २.३५ | २.९२ |
| **गैर खाद्य तथा सेवा** | **५३.१८** | **५६.०९** |
| कपडा, तयारी लुगा र जुत्ता | ८.४९ | ७.१९ |
| घरभाडा, पानी, बिजुली, ग्यांस र अन्य इन्धन | १०.८७ | २०.३० |
| फर्निचर तथा फर्निसिङ, घरायसी उपकरण र मर्मत | ४.८९ | ४.३० |
| स्वास्थ्य | ३.२५ | ३.४७ |
| यातायात | ६.०१ | ५.३४ |
| सञ्चार | ३.६४ | २.८२ |
| मनोरञ्जन तथा संस्कृति | ५.३९ | २.४६ |
| शिक्षा | ८.४७ | ७.४१ |
| विविध वस्तु तथा सेवाहरु | २.१७ | २.८० |

* चौथो पारिवारिक बजेट सर्वेक्षणको नतिजामा आधारित ।

** पांचौ पारिवारिक बजेट सर्वेक्षणको नतिजामा आधारित ।